छ।

# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७५) काठमाडौं, वैशाख १५ गते, २०८२ साल (संख्या ५

## भाग ३

### नेपाल सरकार

### प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको

### सूचना

### संवत् २०८२ सालको नियमावली (नेराप) नम्बर २

### सार्वजनिक खरिद (चौधौं संशोधन) नियमावली, २०८२

सार्वजनिक खरिद नियमावली, २०६४ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ७४ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएको छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरूको नाम "सार्वजनिक खरिद (चौधौं संशोधन) नियमावली, २०८२" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. **सार्वजनिक खरिद नियमावली, २०६४ को नियम २ मा संशोधनः** सार्वजनिक खरिद नियमावली, २०६४ (यसपछि "मूल नियमावली" भनिएको) को नियम २ को खण्ड (म) पछि देहायका खण्ड (य), (र) र (ल) थपिएका छन्:-

"(य) "डिजाइन र निर्माण सम्झौता" भन्नाले निर्माण कार्यको डिजाइन र निर्माण कार्य एउटै निर्माण व्यवसायीबाट गराउनको लागि गरिने खरिद सम्झौता सम्झनु पर्छ।

(र) "ई.पी.सी. सम्झौता" भन्नाले निर्माण सम्बन्धी आयोजनाको डिजाइन सहित ईन्जिनियरिङ्ग, खरिद र निर्माण चरणका कार्यहरू तथा आवश्यकता अनुसार निर्धारित अवधिका लागि गर्नु पर्ने मर्मत सम्भार र सञ्चालन समेत निर्माण व्यवसायीबाट गराउनका लागि गरिने खरिद (ईन्जिनियरिङ्ग, प्रोक्युरमेन्ट र कन्स्ट्रक्सन) सम्झौता सम्झनु पर्छ।

(ल) "टर्न की सम्झौता" भन्नाले अनुसूची-३ को खण्ड (ङ) वा अनुसूची-४ को खण्ड (ञ) बमोजिमको सम्झौता सम्झनु पर्छ।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. **मूल नियमावलीको नियम ३ मा संशोधनः** मूल नियमावलीको नियम ३ को,-

(१) नियम शीर्षक पछि "(१)" भन्ने अङ्क थपिएको छ।

(२) उपनियम (१) को खण्ड (ञ) पछि देहायको खण्ड (ट) थपिएको छः-

"(ट) सार्वजनिक निकायले डिजाइन र निर्माण सम्झौता वा ई.पी.सी. सम्झौताका माध्यमबाट गरिने खरिद कार्यको प्रकृया सुरु गर्नु अघि कम्तीमा आर्थिक, सामाजिक, प्राविधिक तथा वातावरणीय पक्षमा आयोजनाको सम्भाव्यता अध्ययन गरी सोको आधारमा प्रतिवेदन तथा आयोजनाको प्रारुप डिजाइन (कन्सेप्च्युअल डिजाइन) समेत तयार गर्ने।"

(३) उपनियम (१) पछि देहायको उपनियम (२) थपिएको छः-

"(२) उपनियम (१) को खण्ड (ट) बमोजिमको प्रतिवेदनमा उल्लिखित विवरणलाई डिजाइन र निर्माण सम्झौता वा ई.पी.सी. सम्झौताको लागि प्रारम्भिक आधारको रूपमा लिन सकिनेछ र उक्त विषय बोलपत्रसम्बन्धी कागजातमा समेत उल्लेख गर्नु पर्नेछ।"

४. **मूल नियमावलीको नियम १० मा संशोधनः** मूल नियमावलीको नियम १० को उपनियम (७) पछि देहायको उपनियम (८) थपिएको छः-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"(८) डिजाइन र निर्माण सम्झौताको माध्यमबाट गरिने निर्माण कार्यको लागि अनुसूची-१ख. बमोजिम र ई.पी.सी. सम्झौताका माध्यमबाट गरिने निर्माण कार्यको लागि अनुसूची-१ग. बमोजिमको ढाँचामा लागत अनुमान तयार गर्नु पर्नेछ।"

५. **<u>मूल नियमावलीको नियम ११ मा संशोधनः</u>** मूल नियमावलीको नियम ११ को उपनियम (२) पछि देहायका उपनियम (३), (४) र (५) थपिएका छन्:-

"(३) रासायनिक मलको लागत अनुमान तयार गर्दा देहायका कुरालाई समेत आधार लिनु पर्नेछः-

(क) मान्यता प्राप्त अन्तर्राष्ट्रिय मूल्य विश्लेषक कम्पनीले प्रकाशित गरेको प्रतिवेदनमा उल्लिखित सम्बन्धित क्षेत्र वा देशको फ्री अन बोर्ड (एफ.ओ.बी) मूल्य,

(ख) जहाज भाडा, स्टेभडोरिङ, पोर्ट खर्च,

(ग) प्याकेजिङ्ग, क्लियरिङ, फर्वार्डिङ्ग, रेल्वे, ढुवानी खर्च,

(घ) बैङ्क तथा बीमा खर्च।

(४) रासायनिक मल खरिदको हकमा उपनियम (१), (२) र (३) बमोजिम तयार गरिएको लागत अनुमानमा बोलपत्र पेस गर्ने अन्तिम मिति र समय समाप्त हुनुभन्दा अगाडि अन्तर्राष्ट्रिय मूल्य विश्लेषक कम्पनीले प्रकाशित गरेको



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

पछिल्लो प्रतिवेदनमा उल्लिखित फ्रि अन बोर्ड (एफ.ओ.बी) मूल्यको आधारमा संशोधन गरी संशोधित लागत अनुमान तयार गर्नु पर्नेछ।

(५) उपनियम (४) बमोजिम तयार गरिएको संशोधित लागत अनुमानका कारणले बोलपत्र जारी गर्दाका बखत निर्धारण गरिएका मूल्याङ्कनका आधारहरू तथा बोलपत्र जमानतको रकममा संशोधन गर्नु पर्ने छैन।"

६. **मूल नियमावलीको नियम १२ मा संशोधनः** मूल नियमावलीको नियम १२ को उपनियम (२) को खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छः-

"(क) सार्वजनिक निकायको तालुक मन्त्रालय वा नेपाल सरकारको जुनसुकै मन्त्रालयले परामर्श सेवाको लागत अनुमान सम्बन्धी नर्म्स तयार गरेको भए त्यस्तो नर्म्स,"

७. **मूल नियमावलीमा नियम २१क. थपः** मूल नियमावलीको नियम २१ पछि देहायको नियम २१क. थपिएको छः-

"**२१क. संरचनात्मक वा एकाइ दर सम्झौताः** (१) सार्वजनिक निकायले संरचनात्मक वा एकाइ दर सम्झौता गर्दा अनुसूची-३ को खण्ड (ख) बमोजिमको सम्झौता गर्नु पर्नेछ।

(२) संरचनात्मक वा एकाइ दर सम्झौता सम्बन्धी व्यवस्था दुई चरणमा हुनेछ। यो सम्झौता पाँच वर्षसम्मको लागि गर्न सकिनेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) संरचनात्मक वा एकाइ दर सम्झौताको लागि राष्ट्रियस्तरको बोलपत्रका हकमा कम्तीमा तीस दिनको अवधि दिई पहिलो चरणमा सार्वजनिक निकायले मालसामान आपूर्तिको लागि बोलपत्र आह्वान गरी योग्यताका आधारमा सफल हुने बोलपत्रदाताको संक्षिप्त सूची तयार गर्नु पर्नेछ। पहिलो चरणमा संक्षिप्त सूचीमा समावेश हुने बोलपत्रदातासँग संरचनात्मक वा एकाइ दर सम्झौता गर्नु पर्नेछ र त्यस्तो सम्झौता गर्नका लागि बोलपत्र जमानत आवश्यक पर्ने छैन।

(४) दोस्रो चरणमा सार्वजनिक निकायले प्रथम चरणमा छनोट भई संरचनात्मक वा एकाइ दर सम्झौता गरिएका आपूर्तिकर्ताहरूबाट बन्द सूचीका आधारमा वा अन्य आपूर्तिकर्तालाई समेत प्रतिस्पर्धा गराउने गरी कल अफ कन्ट्र्याक्ट गर्न सक्नेछ। यसरी दोस्रो चरणमा सार्वजनिक निकायले कल अफ कन्ट्र्याक्ट गर्दा निश्चित, अनिश्चित वा आवश्यकता अनुरूपको परिमाणमा तोकिएको समयमा आपूर्ति गर्ने सर्तहरू उल्लेख गरी कल अफ कन्ट्र्याक्ट गर्न सक्नेछ।"

८. **<u>मूल नियमावलीको नियम २२ मा संशोधन:</u>** मूल नियमावलीको नियम २२ को सट्टा देहायको नियम २२ राखिएको छः-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"२२. **निर्माण कार्यको लागि खरिद सम्झौताः** (१) सार्वजनिक निकायले कुनै निर्माण कार्य गराउनको लागि अनुसूची-४ बमोजिमको सम्झौतामध्ये कुनै एक सम्झौता गर्न सक्नेछ।

(२) सार्वजनिक निकायले डिजाइन र निर्माण सम्झौता वा ई.पी.सी. सम्झौताका माध्यमबाट निर्माण कार्य गर्दा आयोजनाको प्रकृति अनुसार डिजाइन र निर्माण सम्झौताका हकमा निर्माण सम्पन्न भएको कम्तीमा पाँच वर्ष त्रुटि सच्याउने अवधि र ई.पी.सी. सम्झौताका हकमा कम्तीमा पाँच वर्ष त्रुटि सच्याउने अवधि तथा सञ्चालन र मर्मत सम्भारको अवधि सम्झौतामा स्पष्ट रूपमा खुलाउनु पर्नेछ।

(३) ई.पी.सी. सम्झौताका माध्यमबाट खरिद गर्दा एकमुष्ट कार्यसम्पादन (लम्पसम कन्ट्र्याक्ट) को आधारमा प्रतिस्पर्धा गराई खरिद सम्बन्धी कारबाही गर्नु पर्नेछ।"

९. **मूल नियमावलीको नियम २६ मा संशोधनः** मूल नियमावलीको नियम २६ को उपनियम (१) को,-

(१) खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राखिएको छः-

"(ग) विगत दस वर्षमा एकलौटी रूपमा वा व्यवस्थापन सम्झौता गरी वा संयुक्त उपक्रमको साझेदार वा सब-कन्ट्र्याक्टरको रूपमा प्रस्तावित खरिद सम्झौतासँग मेल खाने



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

प्रकृति, जटिलता र निर्माण प्रविधिको देहाय बमोजिमको खरिद सम्झौता गरी कार्य सम्पन्न गरेको र प्रमुख निर्माण गतिविधिको लागत अनुमानमा उल्लिखित परिमाण वा सङ्ख्याको कम्तीमा असी प्रतिशत वार्षिक उत्पादन दर (प्रोडक्सन रेट) को आधारमा सम्पन्न गरेको विशेष अनुभवः-

(१) दुई करोड रुपैयाँदेखि दस करोड रुपैयाँसम्मको खरिद कार्य भएमा लागत अनुमानको कम्तीमा चालिस प्रतिशत रकम बराबरको कम्तीमा एउटा,

(२) दश करोड रुपैयाँभन्दा बढीको खरिद कार्य भएमा लागत अनुमानको कम्तीमा साठी प्रतिशत रकम बराबरको एउटा।

तर ई. पी. सी. सम्झौताका हकमा विशेष अनुभव माग गर्दा एकल बोलपत्रदाता भए डिजाइन र निर्माण सम्झौता वा ई.पी.सी. सम्झौता वा टर्न की सम्झौताका माध्यमबाट लागत अनुमानको कम्तीमा चालिस प्रतिशत



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

बराबरको समान प्रकृतिको कार्य गरेको र संयुक्त उपक्रमको बोलपत्रदाता भए कुनै एक साझेदारले डिजाइन र निर्माण सम्झौता वा ई.पी.सी. सम्झौता वा टर्न की सम्झौताका माध्यमबाट लागत अनुमानको कम्तीमा चालिस प्रतिशत बराबरको समान प्रकृतिको कार्य गरेको र प्रत्येक साझेदारले लागत अनुमानको कम्तीमा पच्चिस प्रतिशत रकम बराबरको सार्वजनिक निर्माणको कुनै पनि क्षेत्रमा काम गरेको अनुभव प्राप्त गरेको हुनु पर्नेछ।"

(२) खण्ड (च) पछि देहायको खण्ड (छ) थपिएको छः-

"(छ) डिजाइन र निर्माण सम्झौता वा ई.पी.सी. सम्झौताका माध्यमबाट गरिने खरिदका सम्बन्धमा बोलपत्रदाताको प्रस्तावित आयोजना सम्बन्धी बुझाइ (अन्डरस्ट्यान्डिङ), आयोजना डिजाइन विधि, कार्यान्वयन पद्धति सम्बन्धी कागजात।"

१०. **<u>मूल नियमावलीको नियम ३१च. मा संशोधनः</u>** मूल नियमावलीको नियम ३१च. को उपनियम (४) मा रहेका "दश अर्ब" भन्ने शब्दहरूको सट्टा "बाह्र अर्ब" भन्ने शब्दहरू राखिएका छन्।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

११. **<u>मूल नियमावलीको नियम ३१ज. मा संशोधनः</u>** मूल नियमावलीको नियम ३१ज. को उपनियम (५) मा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छः-

"तर रासायनिक मल खरिदको हकमा आर्थिक प्रस्ताव खोल्ने स्थान, मिति र समय उल्लेख गरी सो मिति र समयमा उपस्थित हुन राष्ट्रियस्तर वा अन्तर्राष्ट्रियस्तरको बोलपत्रको हकमा कम्तीमा सात दिनको अवधि दिई सूचना गर्नु पर्नेछ।"

१२. **<u>मूल नियमावलीको नियम ३७ मा संशोधनः</u>** मूल नियमावलीको नियम ३७ को खण्ड (झ) पछि देहायको खण्ड (झ१) थपिएको छः-

"(झ१) डिजाइन र निर्माण सम्झौता वा ई. पी. सी. सम्झौताका माध्यमबाट खरिद गर्दा आयोजना सम्बन्धी उपलब्ध जानकारीहरूका साथै आवश्यकता अनुसार आयोजनाको सर्वेक्षण, डिजाइन, नक्सा, गुणस्तर जाँच र सुनिश्चितता सम्बन्धी व्यवस्था र आयोजनाले प्राप्त गर्नु पर्ने उपलब्धिको सूचक सहितको विवरण।"

१३. **<u>मूल नियमावलीको नियम ५४ मा संशोधनः</u>** मूल नियमावलीको नियम ५४ मा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छः-

"तर सार्वजनिक निकायले बोलपत्र सम्बन्धी कागजातमा रासायनिक मल खरिदको हकमा बोलपत्रदाताले पेस गरेको प्राविधिक प्रस्ताव खोलेको मितिदेखि तीस दिनसम्म बोलपत्र मान्य हुने अवधि उल्लेख गर्नु पर्नेछ।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

**१४. <u>मूल नियमावलीको नियम ६४ मा संशोधनः</u>** मूल नियमावलीको नियम ६४ को उपनियम (५) पछि देहायको उपनियम (६) थपिएको छः-

"(६) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि रासायनिक मल खरिद सम्बन्धी बोलपत्रको आर्थिक प्रस्तावको मूल्याङ्कन गर्दा नियम ११ को उपनियम (४) बमोजिमको संशोधित लागत अनुमानका आधारमा बोलपत्र मूल्याङ्कन गर्नु पर्नेछ।"

**१५. <u>मूल नियमावलीको नियम ११० मा संशोधनः</u>** मूल नियमावलीको नियम ११० को उपनियम (४) मा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छः-

"तर बोलपत्रदाताले पन्ध्र प्रतिशतभन्दा जति रकमले घटी कबोल गरेको छ सोको पचास  प्रतिशतले हुन आउने रकम बराबरको बैङ्क जमानत छुट्टै दाखिला गर्न सक्नेछ र उक्त बैङ्क जमानत दाखिला गर्दा बैङ्क जमानतको म्याद ठेक्का सम्पन्न हुने अवधिभन्दा कम्तीमा एक महिना बढी अवधिसम्मको हुनु पर्नेछ।"

**१६. <u>मूल नियमावलीमा नियम १११क. थपः</u>** मूल नियमावलीको नियम १११ पछि देहायको नियम १११क. थपिएको छः-

**"१११क. <u>जोखिम वहन गर्नु पर्नेः</u>** (१) डिजाइन र निर्माण सम्झौताको माध्यमबाट गरिने खरिदमा प्राकृतिक प्रकोपका कारण अप्रत्यासित रूपमा परिवर्तन हुन गएको भौतिक अवस्थाका सम्बन्धमा दावी अवधि



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(स्क्रुटनी पिरियड) मा निर्माण व्यावसायीले गर्ने दावी बाहेक डिजाइन तथा ड्रइङ्ग, भौगर्भिक, व्यावसायिक, प्राविधिक लगायतका कारणले उत्पन्न हुने सम्पूर्ण जोखिम निर्माण व्यवसायीले वहन गर्नु पर्नेछ।

(२) ई. पी. सी. सम्झौताका माध्यमबाट गरिने खरिदमा डिजाइन, निर्माण तथा मर्मत सम्भार गर्दा उत्पन्न हुने भौगर्भिक, व्यावसायिक तथा प्राविधिक लगायतका सम्पूर्ण जोखिम निर्माण व्यवसायीले वहन गर्नु पर्नेछ।"

१७. **<u>मूल नियमावलीमा नियम ११३क. थपः</u>** मूल नियमावलीको नियम ११३ पछि देहायको नियम ११३क. थपिएको छः-

"**११३क. <u>निर्माण कार्य सुरु गर्नुअघि जानकारी दिनु पर्नेः</u>** (१) निर्माण व्यवसायीले डिजाइन र निर्माण सम्झौता वा ई. पी. सी. सम्झौताका माध्यमबाट गरिने खरिद कार्यमा निर्माण कार्य सुरु गर्नका लागि खरिद सम्झौतामा उल्लिखित अवधिभित्र आयोजनाको स्पेसिफिकेसन सहितको डिजाइन तथा ड्रइङ्ग सार्वजनिक निकायलाई दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम पेस भएको स्पेसिफिकेसन सहितको डिजाइन तथा ड्रइङ्ग आयोजनाको कार्यक्षेत्र र स्टयाण्डर्ड बमोजिम भए नभएको सम्बन्धमा सार्वजनिक निकायले प्राविधिक,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

प्राविधिकहरूको समूह वा तेस्रो पक्षका विज्ञ मार्फत जाँच्न लगाई बोलपत्र आह्वान गर्ने कार्यालयको प्रमुखले निर्माण कार्य सुरु गर्नका लागि उपनियम (१) बमोजिमको डिजाइन तथा ड्रइङ्ग प्राप्त भएको मितिले तीस दिनभित्र सम्बन्धित निर्माण व्यवसायीलाई जानकारी दिनु पर्नेछ।"

**१८.** **<u>मूल नियमावलीको नियम ११८ मा संशोधनः</u>** मूल नियमावलीको नियम ११८ को उपनियम (५) पछि देहायका उपनियम (६) र (७) थपिएका छन्:-

"(६) सार्वजनिक निकायले डिजाइन र निर्माण सम्झौताका माध्यमबाट खरिद कार्य गर्दा देहायको कुनै अवस्थामा जाँचबुझ गरी भेरिएसन आदेश जारी गर्न सक्नेछः-

(क) प्राकृतिक प्रकोपका कारण अप्रत्यासित रूपमा आयोजनाको भौतिक अवस्था परिवर्तन हुन गएमा, वा

(ख) सार्वजनिक निकायले कुनै काम थप वा संशोधन गर्न लगाएको अवस्थामा।

(७) ई.पी.सी. सम्झौताका माध्यमबाट खरिद कार्य गर्दा सार्वजनिक निकायले कुनै काम थप वा संशोधन गर्न लगाएको अवस्थामा बाहेक भेरिएशन आदेश जारी गरिने छैन।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१९. **मूल नियमावलीको नियम १२०क. मा संशोधनः** मूल नियमावलीको नियम १२०क. को सट्टा देहायको नियम १२०क. राखिएको छः-

"**१२०क. खरिद सम्झौताको अवधि थप सम्बन्धी विशेष व्यवस्थाः** (१) नियम १२० मा उल्लेख भए बाहेकका देहाय बमोजिमका कुनै कारणले तोकिएको म्यादभित्र खरिद सम्झौता बमोजिमको कार्य सम्पन्न हुन नसकी अधुरो रहेका तर खरिद सम्झौताको म्याद सकिएका वा म्याद थप हुन नसकेका खरिद सम्झौताको हकमा सम्बन्धित आपूर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता वा सेवा प्रदायकले पेस गरेको कार्यतालिका बमोजिम कुन, कुन काम के, कस्तो कारणले हुन नसकेको हो, सोको पुष्ट्याई र कार्य सम्पन्न गर्न लाग्ने अवधि खुलाई संशोधित कार्यतालिका तथा म्याद थपका कारण थप आर्थिक दाबी नगर्ने प्रतिबद्धता सहित यो नियम प्रारम्भ भएको मितिले तीस दिनभित्र सम्बन्धित सार्वजनिक निकाय समक्ष निवेदन दिन सक्नेछः-

(क) नेपाल सरकार, मन्त्रिपरिषद् वा सार्वजनिक निकायबाट जुनसुकै कारणले खरिद सम्झौताको कार्यान्वयन स्थगन भएका,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) वार्षिक बजेट तथा कार्यक्रममा बजेट विनियोजन हुन छुट भएका,

(ग) बजेट अपुग भई समयमा भुक्तानी हुन नसकेका,

(घ) खरिद सम्झौताका सर्तहरूमा उल्लिखित कम्पेन्सेशन इभेन्ट्समा उल्लेख भएका अन्य कारण।

(२) उपनियम (१) बमोजिम निवेदन प्राप्त भएमा सम्बन्धित अधिकार प्राप्त अधिकारीले उपनियम (१) बमोजिम पेस भएको कार्यतालिका जाँच गरी आवश्यक देखिएमा परिमार्जन गरी पुनः पेस गर्न सम्बन्धित आपूर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता वा सेवाप्रदायकलाई निर्देशन दिन सक्नेछ।

(३) उपनियम (२) बमोजिमको कार्यतालिकाको आधारमा बाँकी कार्य सम्पन्न गर्न लाग्ने वास्तविक थप अवधि यकिन गरी तथा कार्यसम्पादन जमानत, बिमा र पेश्की सम्बन्धी जमानतको अवधि कायम रहेको सुनिश्चित गरी नियम ६७ बमोजिमको अधिकारीले म्याद थप गर्न सक्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) उपनियम (३) बमोजिमको म्याद थप सम्बन्धी निर्णय उपनियम (१) बमोजिम निवेदन प्राप्त भएको मितिले तीस दिनभित्र गरिसक्नु पर्नेछ। यसरी समयमा नै म्याद थप सम्बन्धी निर्णय नगर्ने पदाधिकारी वा कर्मचारीलाई तालुक निकायले प्रचलित कानून बमोजिम विभागीय कारबाही गर्नु पर्नेछ।

(५) यस नियम बमोजिम थप गरिएको म्यादको पूर्व निर्धारित क्षतिपूर्ति लिइने छैन।

(६) उपनियम (१) बमोजिमको अवधिभित्र सम्बन्धित आपूर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता वा सेवाप्रदायकले सम्झौताको अवधि थपको लागि निवेदन नदिएमा वा यस नियम बमोजिम थप गरिएको अवधिसम्म पनि सम्झौता बमोजिमको कार्य सम्पन्न नभएमा खरिद सम्झौताको अन्त्य गर्नु पर्नेछ।

तर यस नियम बमोजिम अवधि थप भएकोमा उपनियम (१) बमोजिमको कारण पुनः दोहोरिई थप भएको अवधिभित्र सम्झौता बमोजिमको कार्य सम्पन्न हुन नसकेमा त्यस्तो अवधि समाप्त भएको मितिले तीस दिनभित्र निवेदन दिएमा यस नियम बमोजिम खरिद सम्झौताको अवधि थप गर्न सकिनेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(७) उपनियम (६) बमोजिम खरिद सम्झौता अन्त्य भएमा सार्वजनिक निकायले ऐनको दफा ६३ बमोजिम सम्बन्धित आपूर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता वा सेवाप्रदायकलाई कालोसूचीमा राख्न लेखी पठाउनु पर्नेछ।

(८) उपनियम (१) बमोजिम थप गरिएको अवधिमा पेस भएको कार्यतालिका बमोजिम कार्य प्रगति भए नभएको सम्बन्धमा सम्बन्धित मन्त्रालयले अनुगमन गर्नु गराउनु पर्नेछ।

(९) उपनियम (१) बमोजिम थप गरिएको अवधिको गणना म्याद थप सम्बन्धी निर्णय भएको मितिबाट हुनेछ। सो मितिसम्म व्यतित भइसकेको अवधि स्वतः थप भएको मानिनेछ। माइलस्टोन तोकिएको खरिद सम्झौताको हकमा खरिद सम्झौताको म्याद थपसँगै आवश्यकता अनुसार माइलस्टोनसमेत परिमार्जन गर्न सकिनेछ।"

२०. **<u>मूल नियमावलीको नियम १२३ मा संशोधनः</u>** मूल नियमावलीको नियम १२३ को उपनियम (१) को,-

(१) खण्ड (घ) को अन्त्यमा रहेको "र" भन्ने शब्द झिकिएको छ।

(२) खण्ड (ङ) मा रहेको "आधारमा।" भन्ने शब्दको सट्टा "आधारमा, र" भन्ने शब्दहरु राखिएका छन्।

(३) खण्ड (ङ) पछि देहायको खण्ड (च) थपिएको छः-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"(च) डिजाइन र निर्माण सम्झौता वा ई.पी.सी. सम्झौताका माध्यमबाट खरिद कार्य गराउँदा आयोजनालाई मुख्य क्रियाकलाप (माइलस्टोन) मा विभाजन गरी नतिजा स्पष्ट मापन गर्न सकिने सूचकहरू खुलाई उक्त क्रियाकलापको प्रगतिको आधारमा।"

२१. **<u>मूल नियमावलीको नियम १२४ मा संशोधनः</u>** मूल नियमावलीको नियम १२४ को उपनियम (२क१) पछि देहायको उपनियम (२क२) थपिएको छः-

"(२क२) उपनियम (२) र (२क१) मा जुनसुकै कुरा लेखिएको भए तापनि डिजाइन र निर्माण सम्झौता वा ई.पि.सि. सम्झौता वा त्रुटि सच्याउने अवधि वा मर्मत सम्भारको अवधि बाह्र महिना भन्दा बढी भएको अन्य खरिद सम्झौताको हकमा साठी प्रतिशत कार्य सम्पन्न भएपछि नियम १२३ बमोजिम राखिएको रिटेन्सन मनी फिर्ता माग भएमा बिल बीजक भुक्तानी गर्दाका बखत रिटेन्सन मनी बापत कट्टा गरिएको रकमको साठी प्रतिशतसम्म रकम सम्बन्धित आपूर्तिकर्ता, निर्माण व्यवसायी, सेवा प्रदायक वा परामर्शदातालाई फिर्ता दिन सकिनेछ। यसरी रिटेन्सन मनी वापतको रकम फिर्ता दिँदा सम्बन्धित आपूर्तिकर्ता, निर्माण व्यवसायी, सेवा प्रदायक वा परामर्शदाताले फिर्ता पाउने रकमको एक सय दस प्रतिशतले हुन आउने रकम बराबरको बैङ्क जमानत पेश गर्नु पर्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तर त्रुटि सच्याउने अवधि वा मर्मत सम्भारको अवधिभित्र सम्बन्धित निर्माण व्यवसायीले त्रुटि नसच्याएमा वा मर्मत सम्भार नगरेमा सार्वजनिक निकायले रिटेन्सन मनी वा जमानत वापतको रकम प्रयोग गरी त्रुटि सच्याउन वा मर्मत सम्भार गर्न सक्नेछ।"

२२. **मूल नियमावलीको नियम १४१ मा संशोधनः** मूल नियमावलीको नियम १४१ को,-

(१) उपनियम (४) मा रहेका "कार्यालय वा घरमा" भन्ने शब्दहरुको सट्टा "कार्यालयमा, घरमा वा ई-मेल ठेगानामा" भन्ने शब्दहरू राखिएका छन्।

(२) उपनियम (४क) को सट्टा देहायको उपनियम (४क) राखिएको छः-

"(४क) उपनियम (४) बमोजिमको लिखित सूचना निजको कार्यालय वा घरमा पठाउँदा निज फेला नपरेमा वा निजको ई-मेल ठेगानामा पठाउँदा त्यस्तो सूचनामा तोकिएको अवधिमा निजले स्पष्टीकरण पेस नगरेमा सो सम्बन्धमा राष्ट्रियस्तरको समाचारपत्रमा सात दिनको सार्वजनिक सूचना प्रकाशन गर्नु पर्नेछ र त्यसरी सूचना प्रकाशन भएकोमा त्यस्तो सूचना रीतपूर्वक दिएको मानिनेछ।"

(३) उपनियम (५) मा रहेका "उपनियम (४)" भन्ने शब्दहरूको सट्टा "उपनियम (४) वा (४क)" भन्ने शब्दहरू राखिएका छन्।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) उपनियम (१०) पछि देहायको उपनियम (१०क) थपिएको छः-

"(१०क) उपनियम (५) बमोजिम सम्बन्धित बोलपत्रदाता, प्रस्तावदाता, परामर्शदाता, सेवाप्रदायक, आपूर्तिकर्ता, निर्माण व्यवसायी वा अन्य व्यक्ति, फर्म, संस्था वा कम्पनीले स्पष्टीकरण पेस नगरेमा सार्वजनिक निकायले पेस गरेको विस्तृत विवरण र सम्बद्ध कागजातको आधारमा सार्वजनिक खरिद अनुगमन कार्यालयले निजलाई कालोसूचीमा राख्ने वा नराख्ने निर्णय गर्नु पर्नेछ।"

**२३.** **<u>मूल नियमावलीको अनुसूचीमा संशोधनः</u>** मूल नियमावलीको,-

(१) अनुसूची- १क. पछि संलग्न बमोजिमका अनुसूची-१ख. र अनुसूची-१ग. थपिएका छन्।

(२) अनुसूची-३ को,-

(क) शीर्षकमा रहेका "नियम २१ को उपनियम (१)" भन्ने शब्दहरूपछि "र नियम २१क. को उपनियम (१)" भन्ने शब्दहरू थपिएका छन्।

(ख) खण्ड (ख) मा रहेका "यो सम्झौता सामान्यतया एक वर्षभन्दा बढी अवधिको हुने छैन।" भन्ने शब्दहरु झिकिएका छन्।

(३) अनुसूची-४ को,-

(क) खण्ड (ङ) को सट्टा देहायको खण्ड (ङ) राखिएको छः-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"(ङ) <u>डिजाइन र निर्माण सम्झौताः</u> सार्वजनिक निकायले मध्यम, ठूला र जटिल तथा विशेष प्राविधिक क्षमता आवश्यक पर्ने सडक, सुरुङ्ग, सुरुङ्ग मार्ग, फ्लाई ओभर, पुल, सिँचाई, जलस्रोत संरचना, नदी व्यवस्थापन, खानेपानी, ढल प्रशोधन, बहुतले भवन, जलविद्युत, विमानस्थल, रङ्गशाला, सभागृह, आई.सि.टि. वा यस्तै प्रकृतिका सार्वजनिक निकायले उपयुक्त ठानेका पूर्वाधार निर्माण सम्बन्धी आयोजनाका लागि डिजाइन र निर्माण (डिजाइन एण्ड बिल्ड) सम्झौताका माध्यमबाट निर्माण कार्य गर्न सक्नेछ।"

(ख) खण्ड (ञ) पछि देहायको खण्ड (ट) थपिएको छः-

"(ट) <u>ई.पी.सी. सम्झौताः</u> सार्वजनिक निकायले ठूला, जटिल तथा विशेष प्राविधिक क्षमता आवश्यक पर्ने सुरुङ्ग, सुरुङ्ग मार्ग वा फ्लाई ओभर जस्ता संरचना तयार गरी निर्माण गरिने सडक, सिँचाइ, खानेपानी, जलविद्युत वा पुल जस्ता पूर्वाधार निर्माण सम्बन्धी आयोजना, विमानस्थल, रङ्गशाला, सभागृह जस्ता



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

भौतिक संरचना निर्माण सम्बन्धी आयोजना, जटिल प्लाण्ट जडान गर्नु पर्ने फोहोर व्यवस्थापन आयोजना, प्रशोधन केन्द्र वा त्यस्तै प्रकृतिका सार्वजनिक निकायले उपयुक्त ठानेका अन्य पूर्वाधार आयोजना जस्ता कुनै निर्माण सम्बन्धी आयोजनाको डिजाइन सहित ईन्जिनियरिङ्ग, खरिद तथा निर्माण चरणका कार्यहरू तथा आवश्यकता अनुसार निर्धारित अवधिका लागि गर्नुपर्ने मर्मत सम्भार र सञ्चालन समेत निर्माण व्यवसायीबाट गराउनको लागि ई.पी.सी. सम्झौता गर्न सक्नेछ।"

२४. **खारेजीः** मूल नियमावलीको नियम ९७क. खारेज गरिएको छ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची–१ख.

(नियम १० को उपनियम (८) सँग सम्बन्धित)

## डिजाइन र निर्माण सम्झौताको माध्यमबाट गरिने निर्माण कार्यको लागत अनुमानको ढाँचा

(क) आइटमको दररेट निकाल्ने तरिका:

श्रमिकहरूको खर्च ........................................... (क)

निर्माण सामग्रीको खर्च .................................... (ख)

यान्त्रिक उपकरणको भाडा (तैल्य पदार्थ सहित)........ (ग)

आइटमको दररेट (क + ख + ग) = (घ)

बोलपत्रदाताको ओभरहेड (घ को १५ प्रतिशत) = ०.१५ ×(घ)

जम्मा दररेट (ङ) = १.१५ ×(घ)

(ख) लागत अनुमान निकाल्ने तरिका:

| क्र. सं. | आइटम | एकाइ | आइटमको जम्मा दररेट | आइटमको जम्मा परिमाण | आइटमको जम्मा खर्च |
|---|---|---|---|---|---|
| १<br>२<br>३<br>... | आइटम (१)<br>आइटम (२)<br>आइटम (३)<br>इत्यादि | | (च)<br>(छ)<br>(ज) | (ट)<br>(ठ)<br>(ड) | (च) ×(ट)<br>(छ) ×(ठ)<br>(ज) ×(ड) |

जोड (व) = (च ×ट + छ ×ठ + ज ×ड + .....)

वर्क चार्ज स्टाफ खर्च –(व) को २ प्रतिशत = ०.०२० ×(व)

सानातिना अन्य खर्च –(व) को २ प्रतिशत = ०.०२० ×(व)

मूल्य समायोजन कन्टिन्जेन्सी –(व) को १० प्रतिशत = ०.१० ×(व)



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

फिजिकल कन्टिन्जेन्सी –(व) को १० प्रतिशत = ०.१० ×(व)

जम्मा लागत अनुमान अङ्क (त) = १.२४ ×(व)

**द्रष्टव्यः**

(क) बोलपत्रको अङ्कलाई तुलना गर्दा लागत अनुमान जोड (व) लाई मान्नु पर्नेछ।

(ख) आयोजनाको भौगर्भिक अध्ययन सहितको डिजाइन प्रतिवेदनका लागि लाग्ने परामर्श शुल्क समेत लागत अनुमानमा समावेश गर्नु पर्नेछ।

(ग) वर्क चार्ज, स्टाफ खर्च, सानातिना अन्य खर्च र फिजिकल कन्टिन्जेन्सी खर्च गर्ने सन्दर्भमा सम्बन्धित मन्त्रालय वा केन्द्रीय निकायबाट कार्यविधि स्वीकृत गराई गर्नु पर्नेछ।

(घ) आयोजना /कार्यक्रमको लागत अनुमान स्वीकृति र खरिद विधि छनौट गर्ने प्रयोजनका लागि जोड (व) मा मूल्य अभिवृद्धि कर र विभिन्न कन्टिन्जेन्सीहरू जोडी हुन आउने रकमलाई कुल लागत अनुमान मानिनेछ।

मुद्रण विभाग



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची -१ग.

(नियम १० को उपनियम (८) सँग सम्बन्धित)

**ई.पी.सी. सम्झौताको माध्यमबाट गरिने निर्माण कार्यको लागत अनुमानको ढाँचा**

(क) आइटमको दररेट निकाल्ने तरिकाः

श्रमिकहरूको खर्च .......................................... (क)

निर्माण सामाग्रीको खर्च ....................................... (ख)

यान्त्रिक उपकरणको भाडा (तैल्य पदार्थ सहित) ......... (ग)

आइटमको दररेट (क+ख+ग) =(घ)

बोलपत्रदाताको ओभरहेड(घ को १५ प्रतिशत) = ०.१५ x (घ)

जम्मा दररेट (ङ) = १.१५ x(घ)

(ख) लागत अनुमान निकाल्ने तरिकाः

| क्र.सं. | आइटम | एकाइ | आइटमको जम्मा दररेट | आइटमको जम्मा परिमाण | आइटमको जम्मा खर्च |
|---|---|---|---|---|---|
| १ | आइटम (१) | | (च) | (ट) | (च) x (ट) |
| २ | आइटम (२) | | (छ) | (ठ) | (छ) x (ठ) |
| ३ | आइटम (३) | | (ज) | (ड) | (ज) x (ड) |
| ... | इत्यादी | | | | |

कुल लागत अनुमान (व) = (च × ट + छ × ठ + ज × ड + .....)

(ग) दुई वर्षभन्दा बढी सम्झौता अवधिको खरिदका लागि देहाय बमोजिम समायोजन गरी कुल लागत अनुमान (व') तयार गर्नु पर्नेः

व' = व (१ + ढ/१००)$^{त/२}$

ढ= विगत दश वर्षमा प्रत्येक वर्षको मुद्रास्फिति दरको औसत (स्रोतः नेपाल राष्ट्र बैङ्कको उपभोक्ता मूल्य सूचकाङ्क)

त = आयोजना अवधि (वर्ष)



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

**<u>उदाहरण</u>**

"ढ" निकाल्ने तरिका

| वर्ष | वर्ष$_{१}$ | वर्ष$_{२}$ | वर्ष$_{३}$ | वर्ष$_{४}$ | वर्ष$_{५}$ | वर्ष$_{६}$ | वर्ष$_{७}$ | वर्ष$_{८}$ | वर्ष$_{९}$ | वर्ष$_{१०}$ |
|---|---|---|---|---|---|---|---|---|---|---|
| मुद्रास्फिति दर | ढ$_{१}$ | ढ$_{२}$ | ढ$_{३}$ | ढ$_{४}$ | ढ$_{५}$ | ढ$_{६}$ | ढ$_{७}$ | ढ$_{८}$ | ढ$_{९}$ | ढ$_{१०}$ |

ढ = (ढ$_{१}$ + ढ$_{२}$ + ...... + ढ$_{१०}$) /१०

वर्क चार्ज स्टाफ खर्च - (व') को २ प्रतिशत = ०.०२० × (व')

सानातिना अन्य खर्च - (व') को २ प्रतिशत = ०.०२० × (व')

जम्मा लागत इष्टिमेट अङ्क (त) = १.०४ × (व')

**<u>द्रष्टव्य:</u>** बोलपत्रको अङ्कलाई तुलना गर्दा लागत अनुमान अङ्क (व') लाई मान्नु पर्छ।

**आज्ञाले,**
**फणीन्द्र गौतम**
**नेपाल सरकारको सचिव।**



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार